# नेपालका जलविद्युत परियोजनाहरूमा आदिवासीका अधिकारहरू दावी गर्ने सम्बन्धमा बनेको निर्देशिका




## के हुन् त सवालहरु ?

प्रभावित आदिवासीहरुसँग स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी FPIC प्राप्त नगरी नेपालका जलविद्युत परियोजनाहरु स्वीकृत हुने र निर्माण हुने गरेको छ ।

## स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) भनेको के हो ?

आदिवासीहरुलाई उनीहरुको भूमि र स्रोतहरुमा असर पार्ने कुनै पनि परि योजनाहरुको निर्माण सुरु गर्ने संचालनमा राख्ने वा बन्द गर्ने निर्णय गर्न पाउने अधिकारलाई स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी FPIC भनिन्छ ।

- **स्वतन्त्र (Free) :**
  कुनै दबाव, धाकधम्की वा छलकपट विनाहुनु पर्दछ
- **अग्रिम (Prior) :**
  परियोजनाको स्वीकृती र निर्माण सूरु हुनुभन्दा **अगाडी** नै मञ्जुरी लिनुपर्दछ।
- **सूचित (Informed) :**
  समुदायहरुले परियोजनाको बारेमा **पूर्ण, स्पष्ट र पहुँचयोग्य** रुपमा जानकारी प्राप्त गर्नु पर्दछ ।
- **मञ्जुरी (Consent) :**
  समुदायहरुलाई **हुन्छ वा 'हुन्न'** भन्न पाउने वा स्वीकार गर्ने वा अस्वीकार गर्ने, **दिईएको मन्जुरी फिर्ता लिने,** वार्ता गर्ने वा कुनै पनि शर्त राख्न पाउने अधिकार हुन्छ ।




## FPIC अधिकार कहाँ व्यवस्था गरिएको छ ?

FPIC आदिवासीहरुको एक महत्वपूर्ण अधिकार हो जुन अन्तर्राष्ट्रिय कानून र विभिन्न विकास बैंकहरुको नीतिहरुमा स्पष्ट रुपमा व्यवस्था गरिएको छ । साथै, FPIC को सिद्धान्त नेपालको संविधान र नीतिहरुमा पनि उल्लेख गरिएको छ ।

## FPIC अधिकारको सम्मान र पालना गर्ने कसको दायित्व हो ?

यो दायित्व सबै तहका सरकारहरु (संघ, प्रदेश र स्थानीय), विभिन्न विकास बैंकहरु र नीजि तथा सरकारको लगानी वा सरकारको नियन्त्रणमा रहेको कम्पनीहरुको हुन्छ ।

## के कुरा गलत भईरहेको छ त ?

- **आदिवासीसँग वास्तविक FPIC लिईएको छैन :**
  FPIC लाई परामर्श बैठक र सूचना दिने औपचारिकताको रुपमा लिने गरिएको छ । प्रायः जसो परियोजनाहरु सुरुवात भईसके पश्चात मात्र यो प्रक्रिया सुरु गरेको पाईन्छ ।
- **मञ्जुरी / मुआब्जा तथा क्षतिपूर्ति र लाभ :**
  परियोजना विकासकर्ताहरू र विकास बैंकहरुले मुआब्जा तथा क्षतिपूर्ति र लाभ दिनुलाई मञ्जुरीको अधिकारको विकल्पको रूपमा हेर्छन् ।
- **भूमि कब्जा :**
  आदिवासीहरुका भूमिलाई सरकारीकरण गरियो । आदिवासीहरुका भूमि तथा स्रोत माथिको अधिकार खोसियो ।
- **आदिवासी समुदायहरुलाई बहिष्करण गरिएको :**
  आदिवासीहरुको परम्परागत संस्थाहरु तथा परम्परागत संस्थाका प्रतिनीधीहरूलाई सहभागिता गराईएको छैन । प्रायः स्थानीय सरकारका प्रतिनिधिहरु र केहि सीमित व्यक्तिहरुसँग मात्र परामर्श गर्ने गरिएको छ ।
- **जबरजस्ती विस्थापन :**
  समुदायलाई उचित मुआब्जा तथा क्षतिपूर्ति र लाभ नदिई र समुदायसंग कुनै पनि किसिमको छलफल वा वार्ता नगरी उनीहरूको आफ्नो भूमिबाट जबरजस्ती विस्थापन गरिएको छ ।
- **झुठा आश्वासनहरु :**
  प्रायः परियोजना विकासकर्ताहरु मुआब्जा तथा क्षतिपूर्ति र सामुदायिक लाभको बारेमा वाचा गर्छन, तर त्यो पूरा गर्दैनन्।
- **परियोजनामा लगानी गर्ने विकास बैंकहरुबाट बेवास्ता :**
  परियोजना विकासकर्ताहरुले लगानी बैंकहरुको सामाजिक तथा वातावरणीय नीतिहरु र कानूनहरु पालना नगरेको भएता पनि परियोजना विकासकर्ताको दस्तावेजहरुको आधारमा परियोजनाहरु स्वीकृती दिने गरेको देखिन्छ ।

## के सुधार गर्ने ?

### सरकार र परियोजना विकासकर्ताहरूको लागि सुझाव

- **आदिवासीका अधिकारलाई सम्मान र संरक्षण गर्ने :** FPIC भन्नाले आदिवासीहरुलाई असर गर्ने कुनै पनि परियोजनाको सम्बन्धमा उनीहरुले सामूहिक निर्णय गर्ने पाउने अधिकारलाई बुझाउँछ ।
- **आदिवासीहरुका भूमि, भू-क्षेत्र तथा स्रोत माथिको अधिकार सुनिश्चित गर्ने :** आदिवासीहरुको मञ्जुरी विना उनीहरुको परम्परागत भूमि र भू-क्षेत्रलाई सरकारीकरण गर्ने काम बन्द गर्ने तथा उनीहरूको प्राकृतिक स्रोत माथिको अधिकार सुनिश्चित गर्ने
- **पूर्ण र स्पष्ट जानकारी दिने :** प्रभावित समुदायहरुलाई परियोजना सम्बन्धी स्पष्ट र पूर्ण जानकारी उपलब्ध गराउनु पर्दछ । उनीहरुले यस सम्बन्धी सूचना र जानकारी कतै मागी रहन नपरोस् । उनीहरुले बुझ्ने उनीहरुकै भाषामा अझ उनीहरूको सूचना सम्प्रेषण गर्ने प्रकृया अनुसार र समय सीमा भित्र नै जानकारी उपलब्ध गराउनु पर्दछ ।
- **मञ्जुरी नलिई कुनै काम गर्नु हुदैँन :** आदिवासीहरुका मञ्जुरी नलिई उनीहरुलाई असर पार्ने परियोजनाहरुको कुनै पनि कार्य सुरु गर्नु हुदैंन ।
- **न्यायिक र उचित मुआब्जा तथा क्षतिपूर्ति :** यदि समुदायको भूमि, भू-क्षेत्र तथा स्रोत माथिको अधिकारमा प्रत्यक्ष असर पर्ने जस्को कारण मुआव्जा तथा क्षतिपूर्ति दिएर परियोजना निर्माण गर्नु पर्ने अवस्था आएमा समुदायसंग वार्ता गरि न्यायिक र उचित मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गरिनु पर्दछ । सरकार र परियोजनाले मात्र एकतर्फी मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्नु हुदैँन ।
- **संवादमा सहभागी हुने :** समुदायका सवालहरुलाई नजरअन्दाज गर्ने वा पन्छ्याउने काम गर्नुहुदैँन । परामर्श बैठकका क्रममा उठेका विषयहरुलाई सम्बन्धित पक्षले सम्बोधन गर्नुपर्दछ ।
- **समुदायसंग वास्तविक छलफल गर्ने :** समुदायको सवालहरुलाई बेवास्ता गर्ने या पन्छाउने काम गर्नु हुदैँन । परामर्श र छलफलमा उठेका सवालहरुलाई सम्बोधन गर्नुपर्दछ ।

### विकास बैंकहरूको लागि सुझावहरु

- **आफ्नो सुरक्षण नीतिको पालना गर्ने :** परियोजनाहरुलाई कोष उपलब्ध गराउनुपूर्व नै सुरक्षण नीति बमोजिम FPIC लिईयो कि लिईएन भन्ने बारेमा सुनिश्चित गर्ने, लगानी पश्चात होईन ।
- **आर्थिक सहयोग/कोष बन्द गर्ने :** आदिवासीहरुका अधिकारहरुलाई बारम्बार उल्लंघन गर्ने परियोजना विकासकर्ताहरुलाई आर्थिक सहयोग/कोष बन्द गर्ने ।
- **परियोजनाहरुको अनुगमन गर्ने :** स्थलगत भ्रमण, नियमित निष्पक्ष पुनरावलोकन तथा समिक्षा पारदर्शी रुपमा गर्ने र प्रभावित समुदायको सवालहरुलाई सम्बोधन गर्ने ।
- **लाभको सुनिश्चितता :** सामुदायिक क्षतिपूर्ति र लाभहरु सिधै प्रभावित समुदायलाई उपलब्ध गराउनु पर्दछ, सरकारी विकासका कार्यक्रमको रुपमा हैन । ताकि पीडित समुदायहरु लाभ लिनको लागि अन्य प्रकृयाका झन्झटहरु खप्नु नपरोस ।
- **साँस्कृतिक र सामाजिक अधिकार प्रभाव मूल्यांकन :** परियोजनाहरुले भौतिक प्रभावहरुको मात्र नभएर साँस्कृतिक र सामाजिक बहुआयामिक प्रभाव मूल्यांकन गर्नु पर्दछ । त्यस्ता परेका प्रभावहरुलाई रोकथाम गर्ने कुराको सुनिश्चितता गर्नु पर्दछ ।
- **परियोजना विकासकर्ताहरुलाई उत्तरदायी बनाउने :** यदि सरकार अथवा कम्पनीहरुले प्रभावित आदिवासी समुदायहरुबाट FPIC प्राप्त नगरेको खण्डमा परियोजनाहरु स्वीकृत नगर्ने र आर्थिक सहयोग फिर्ता लिने ।

accountability counsel
LAHURNIP 1995